# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गङ्गाजमुना गाउँपालिका
## धादिङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गङ्गाजमुना गाउँपालिका

धादिङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गङ्गाजमुना गाउँपालिका

धादिङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ। यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं, नेपाल

# प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

## बागमती प्रदेश

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

मिति:२०८१।०२।०८

प.सं. २०८०।८१

च.नं. ७०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,

गंगाजमुना गाउँपालिका, गंगाजमुना गाउँ कार्यपालिकाको कार्यालय,

फूलखर्क, धादिङ ।

१. **कैफियत सहितको राय** - हामीले गंगाजमुना गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ५५ लाख ६९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ४ लाख ३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू ९७ हजार पाँच सय सत्ताईस, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३२ लाख १ हजार, नियमित गर्नुपर्ने रु. १८ लाख ६६ हजार समेत रु. १ करोड ५१ लाख ६६ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १९ करोड २६ लाख ४६ हजार बेरुजू बाँकी रहेकोमा सो वेरुजू मध्ये यस वर्ष रु ३८ लाख ६५ हजार ३ सय ८० सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु. २० करोड ३९ लाख ४७ हजार रहेको छ। पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगाजमुना गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित

कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा :-** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी :-** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :-** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

**(शंकर प्रसाद पन्थी )**

**नायब महालेखापरीक्षक**

# गंगाजमुना गाउँपालिका,

# धादिङ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६१ | १४ | १५५७० | - | १ | ४०४ | ६१ | १३ | १५१६६ | ९८ | १८६७ | १३२०२ | - | - | १५०६९ | - |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| धादिङ | १९२६४६ | - | ३८६५ | १८८७८१ | - | १५१६६ | २०३९४७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ३६ | दहत्तर बहत्तर सम्बन्धी प्रमाण पेश भएको | ४०३५३९ |
| | चालु वर्षको जम्मा | १ | | ४०३५३९ |
| | गत विगत वर्षतर्फको | - | - | - |
| | २०७८।७९ | - | अशुल गर्नु पर्ने | १७२००० |
| | २०७८।७९ | - | प्रमाण पेश गरेको | ३६९३३८० |
| | २०७७।७८ | | | |
| | २०७६।७७ | - | - | - |
| | गत विगतको जम्मा | - | - | - |
| | कुल जम्मा | १ | | ४२६८९१९ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस पालीकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ। वागमती प्रदेशमा अवस्थित क्षेत्रफल १४४.९ वर्ग किलोमिटर, २५,८७२ जनसंख्या रहेको यो पालिका अन्तर्गत ७ वडा वाट ३९ गाउँसभा सदस्य रहेका छन्।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।०८ देखि २०८०।०६।२१ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु

सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको यस वर्ष रु. ७७,९०,७५,६११.२४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण दफा-३ सँग सम्बन्धित छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू ७३६७१३।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बिभिन्न भूक्तानीहरूमा कट्टि गरेको कर रकम | ७३६७१३।०० |

२ **सञ्चित कोष :-**

**स्थानीय संचित कोष :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

प्राप्ती भुक्तानी हिसाव

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३२

| विवरण | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ५९,१६,२९,२९७.५० | ५४,६४,४६,७८६.४० | ५४,६४,४६,७८६.४० | ५१,८३,४९,७६६.६६ | ५१,८३,४९,७६६.६६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५७,४०,६१,०००.०० | ५३,९९,२०,९८६.४० | ५३,९९,२०,९८६.४० | ५०,८०,००,८९५.६६ | ५०,८०,००,८९५.६६ |
| ११००० कर | १०,४८,५६,०००.०० | ८,५०,०६,८३८.४० | ८,५०,०६,८३८.४० | ८,०९,६८,३५२.६६ | ८,०९,६८,३५२.६६ |
| १३००० अनुदान | ४६,४७,८०,०००.०० | ४५,०२,९२,०१५.०० | ४५,०२,९२,०१५.०० | ४२,६५,८२,३९२.०० | ४२,६५,८२,३९२.०० |
| संघीय सरकार | ३८,८१,५३,०००.०० | ३७,३६,६५,०१५.०० | ३७,३६,६५,०१५.०० | ३८,३७,०३,४३४.०० | ३८,३७,०३,४३४.०० |
| प्रदेश सरकार | ७,६६,२७,०००.०० | ७,६६,२७,०००.०० | ७,६६,२७,०००.०० | ४,२८,७८,९५८.०० | ४,२८,७८,९५८.०० |
| १४००० अन्य राजस्व | ४४,२५,०००.०० | ४६,२२,१३३.०० | ४६,२२,१३३.०० | ४,५०,१५१.०० | ४,५०,१५१.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | १,७५,६८,२९७.५० | ६५,२५,८००.०० | ६५,२५,८००.०० | १,०३,४८,८७१.०० | १,०३,४८,८७१.०० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ५,४७,६८४.०० | ५,४७,६८४.०० |
| कोषहरु | १,७५,६८,२९७.५० | ० | ० | ५८,९६,७८२.०० | ५८,९६,७८२.०० |
| धरौटी | ० | ६५,२५,८००.०० | ६५,२५,८००.०० | ३९,०४,४०५.०० | ३९,०४,४०५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६१,६३,००,५४३.५० | ५०,२६,९६,३१४.२३ | ५०,२६,९६,३१४.२३ | ५६,९५,६५,९३४.२० | ५६,९५,६५,९३४.२० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५९,८७,३२,२४६.०० | ४८,४६,४८,५८६.०० | ४८,४६,४८,५८६.०० | ५५,३२,८८,८०६.२० | ५५,३२,८८,८०६.२० |
| २१००० पारिश्रमिक / सुविधा | २३,२०,०७,०००.०० | २१,९४,३१,४६३.०० | २१,९४,३१,४६३.०० | १६,१५,६२,१५१.२० | १६,१५,६२,१५१.२० |
| २२००० मालसामान तथा सेवाको उपयोग | ७,९४,०४,७४६.०० | ५,०७,०७,५०५.०० | ५,०७,०७,५०५.०० | १३,८०,६८,१८६.०० | १३,८०,६८,१८६.०० |
| २५००० सहायता (Subsidy) | २,४२,२३,०००.०० | २,१६,०३,८३२.०० | २,१६,०३,८३२.०० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १,४३,६८,०००.०० | ६३,४४,९२९.०० | ६३,४४,९२९.०० | ५१,३६,२८६.०० | ५१,३६,२८६.०० |
| २८००० अन्य खर्च | १७,६०,०००.०० | १३,२४,५५०.०० | १३,२४,५५०.०० | १५,३४,५३३.०० | १५,३४,५३३.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २४,६९,६९,५००.०० | १८,५२,३६,३०७.०० | १८,५२,३६,३०७.०० | २४,६९,८७,६५०.०० | २४,६९,८७,६५०.०० |
| घ. अन्य भूक्तानी | १,७५,६८,२९७.५० | १,८०,४७,७२८.२३ | १,८०,४७,७२८.२३ | ५६,९५,६५,९३४.२० | ५६,९५,६५,९३४.२० |
| कोषहरु | १,७५,६८,२९७.५० | १,५७,४४,७२८.२३ | १,५७,४४,७२८.२३ | ७३,०५,०८३.०० | ७३,०५,०८३.०० |
| धरौटी | ० | ३०,३९,७१३.०० | ३०,३९,७१३.०० | ८९,७२,०४५.०० | ८९,७२,०४५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | (७,३६,७१३.००) | (७,३६,७१३.००) | | |
| ङ. यो वर्षको बचत (न्युन) | (२,४६,७१,२४६.००) | ४,३७,५०,४७२.१७ | ४,३७,५०,४७२.१७ | (५,१२,१६,१६७.५४) | (५,१२,१६,१६७.५४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ७,०२,८२,३९१.९४ | ७,०२,८२,३९१.९४ | ९,६०,४९,३३५.५० | ९,६०,४९,३३५.५० |
| वर्षान्तको बाकी रकम (ङ + च) | (२,४६,७१,२४६.००) | ११,४०,३२,८६४.११ | ११,४०,३२,८६४.११ | ४,४८,३३,१६७.९६ | ४,४८,३३,१६७.९६ |
| बैंक तथा नगद बाकी | | ११,३८,८६,४०३.११ | ११,३८,८६,४०३.११ | ४,५८,७१,७०४.९६ | ४,५८,७१,७०४.९६ |

कार्यालयबाट प्रस्तुत संचित कोषको वित्तीय प्रतिवेदनमा नेपाल सरकार (संघ) र प्रदेश सरकारबाट (CGAS ) प्रणाली अन्तर्गत निकासा भई खर्च भएको सामाजिक सुरक्षाको रू १४३१२५५३०, भौतिक पुर्वाधार मन्त्रालयको रू ५०००००० र एकिकृत स्वाथ्य स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रू १०३१३००० रकम समावेस गरेको छैन। उक्त कारोवार संचित कोषको वित्तीय प्रतिवेदनमा समावेस भएको छैन। पालिका हुने सबै खर्च सूत्रमा प्रविष्टि गरी खर्च गर्नु गराउनु पर्दछ।

३ **एकिकृत आय व्यय :-**

पालिकाको आर्थिक वर्ष ०७९।८० को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।

| **आय तर्फ** | | **सि.न.** | **व्यय तर्फ** | | |
|---|---|---|---|---|---|
| **बिबरण** | **रकम** | | **बिबरण** | **रकम** | **रकम** |
| **गत बर्षकोमौज्जात अ.ल्या. रकम** | **६४१५०४८८.०२** | **१** | **चालुखर्च** | | २९९४१०००० |
| **बैंक मौज्दात** | | | आन्तरिक श्रोत | ४९५५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| संचित कोष खाता | | | नेपाल सरकार समानीकरण अनुदान | २३२२१००० | |
| विविध कोषखाता ग ५ समुह | | | नेपाल सरकार सशर्त अनुदान | २००२११००० | |
| धरौटीखाता | | | प्रदेश सरकार समानीकरण अनुदान | २०८९००० | |
| प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह | | | प्रदेश सरकार सशर्त अनुदान | ५२००००० | |
| विभाज्य कोषखाता | | | राजस्व बाँडफाड प्रदेस सरकार तर्फ | १७३७००० | |
| अन्य | | | राजस्व बाँडफाड संघीय सरकार तर्फ | ६१९९७००० | |
| | | २ | **पुजीगतखर्च** | | १८५२३१००० |
| **राजस्व** | ८७५९३१७३ | | आन्तरिक श्रोत | १२९५९००० | |
| आन्तरिकराजस्व | | | नेपाल सरकार समानीकरण अनुदान | ८८३१८००० | |
| राजस्व बाँडफाँड - प्रदेश सरकार | | | नेपाल सरकारसशर्तअनुदान | १७७९३००० | |
| राजस्व बाँडफाँड - संघीय सरकार | | | नेपाल सरकार बिशेष अनुदान | ६६८१००० | |
| | | | नेपाल सरकार समपुरक अनुदान | १३९४००० | |
| **संघियसरकार अनुदान** | ३६३५०३५०० | | प्रदेश सरकार समपुरक र विशेष अनुदान | २४५६२००० | |
| बितियसमानीकरण | | | प्रदेश सरकार समानीकरण अनुदान | ९६४७००० | |
| सशर्तअनुदान चालु | | | प्रदेश सरकार सशर्त अनुदान | १०८०५००० | |
| शसर्तअनुदान पुजिगत | | | राजस्व बाँडफाड प्रदेस सरकार तर्फ | ९२९५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | राजस्व बाँडफाड संघीय सरकार तर्फ | ३७७७००० | |
| **प्रदेशसरकार अनुदान** | ६१६२७००० | | | | |
| बितियसमानीकरण | | ३ | **अन्तरसरकारी अख्तियारी- संघीय सरकार** | | १४३१२५५३० |
| सशर्तअनुदान | | | सामाजिक सुरक्षा तथा संरक्षण[३१४०१०१२३] | १४३१२५५३० | |
| समपुरकअनुदान | | | | | |
| | | ४ | **अन्तरसरकारी अख्तियारी- प्रदेश सरकार** | | १५३१३००० |
| **अन्यअनुदान आय** | १५०००००० | | एकिकृत स्वाथ्य स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | १०३१३००० | |
| प्रदेश बिशेष | | | भौतिकपुर्वाधार मन्त्रालय | ५०००००० | |
| | | | | | |
| **अन्तरसरकारी अख्तियारी- संघियसरकार** | १४३१२५५३० | ५ | **स्थानीय तहबिबिध कोष खाता-ग-५** | | १६०१५७३८.२३ |
| सामाजिक सुरक्षा तथा संरक्षण[३१४०१०१२३] | | | बिबिध कोष खाता खर्च | १६०१५७३८.२३ | |
| | | | | | |
| **अन्तरसरकारी अख्तियारी- संघीय सरकार** | १५३१३००० | ६ | **धरौटीफिर्ता** | | ३०३९७१३ |
| एकिकृत स्वाथ्य स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | | | बिभिन्न व्यक्ति/फर्म/संस्थाको धरौटी फिर्ता | ३०३९७१३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| भौतिक पुर्वाधार मन्त्रालय | | | | | |
| | | ७ | **एकल कोष खातामा खर्च नभई बाँकी भएको सशर्तअनुदान** | | ४३८५४५०४ |
| **संघियसरकार अनुदान** | १०१६१५१५ | | संघीयसरकार बेरुजु खातामा दाखिला | २१०३०५७३ | |
| विशेष अनुदान | | | प्रदेशसरकार बेरुजु खातामा दाखिला | २२८२३९३१ | |
| समपुरक अनुदान | | | | | |
| | | ८ | **संघीयसरकार बेरुजु खाता** | | ७०९६७ |
| **स्थानीय तहबिबिध कोष खाता-ग-५** | १२००४६३८.२२ | | विभिन्न व्यक्ति संघ, संस्था तथा फर्मबाट बेरुजु रकम अशुली | ७०९६७ | |
| बिबिध कोष खातामा निकासा आय | | | | | |
| | | ९ | **अन्तिममौज्जात (बचत रकम )** | | ७३०१५१५९.०१ |
| **धरौटी आय** | ६५२५८०० | | संचित कोषखाता | ६०३३६६९१.६२ | |
| बिभिन्न व्यक्ति/फर्म/संस्थाबाट | | | विविध कोषखाता ग ५ समुह | ५६९९०२.४९ | |
| | | | धरौटीखाता | ११०२९५५३ | |
| **संघीयसरकार बेरुजु खाता** | ७०९६७ | | प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह | ६२८०७१.९ | |
| विभिन्न व्यक्ति संघ, संस्था तथा फर्मबाट बेरुजु रकम अशुली आय । | | | आकस्मिक कोष खाता | ४५०९४० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| **जम्मा आय रकम रु.** | ७७९०७५६११.२४ | | **जम्मा व्यय रकम रु.** | | ७७९०७५६११.२४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **बित्तिय विवरणको बिश्लेषण :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन। यसमा सुधार हुनु पर्दछ पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता :-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू १४३१२५५३०।०० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु १०३१३०००।०० र भौतिक पुर्वाधार मन्त्रालयको रू ५००००००।०० समेत गरी रू १५८४३८५३०।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४.२ **फरक हिसाब :-** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू ६१३१९०३।९२ यस वर्षको प्राप्ति रू (१६८४७८३३६।८) यस वर्षको भुक्तानी रू (२०३३६४१३७।८ र बैङ्क मौज्दात रू ४१०१७७०५।१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक

कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७०२८२३९१।९४ | ५४६४४६७८६।४० | ५०२६९६३१४।२३ | ११४०३२८६४।११ |
| एकीकृत आर्थिक विवरण अनुसार | ६४१५०४८८।०२ | ७१४९२५१२३।२२ | ७०६०६०४५२।२३ | ७३०१५१५९।०१ |
| फरक | ६१३१९०३।९२ | (१६८४७८३३६।८) | (२०३३६४१३७।८) | ४१०१७७०५।१ |

लेखापरीणका क्रममा वित्तिय प्रतिवेदन र लेखांकनमा फरक रहेको कारण स्थानिय तहले पेश गरेको आय व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोके बमोजिम वित्रिय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्यायको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४. **फरक जिम्मेवारी :-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको
३ गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू २८१६२२४९।१६ मौज्दात रहेकोमा यो वर्ष रू ७०२८२३९१।९४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू ४२१२०१४२।७८ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४. **आय व्यय :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालीका तथा नगरपालिकाले प्रत्येक
४ वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस पालिकाले सबै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न पालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।

सैद्धान्तिक बेरुजु

४. **सञ्चित कोषमा जम्मा (ट्रान्सफर) :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक
५ वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने

व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रू ३३६१८३७९।१२ पुँजीगत खातामा रू १८३९५२२२।५० आन्तरिक राजस्व खातामा रू ९३३५३९।०० राजस्व बाँडफाँड खातामा रू ४०३५३९।०० समेत रू ५३३५०६७९।६२ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.६ **गतवर्षको मौज्दात :-** आ.ब. ०७८।७९ को महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा गत वर्षको मौज्दात रू २८१६२२४९।१६ देखाएता पनि पालिकाको गत वर्षको निम्नानुसार खाताको मौज्दात लेखापरीक्षणको क्रममा भिडान गर्दा वास्तविक मौज्दात बैंक अनुसार रू ६४१५०४८८।०२ देखिन्छ ।

| क्र.सं. | खाता | मौज्दात रकम |
|---|---|---|
| १ | संचितकोष खाता | ४६१६१३००।२२ |
| २ | विविध कोष खाता | ४३७२९८७।५ |
| ३ | धरौटी खाता | ७५४३४६६।०० |
| ४ | प्रकोप व्यवस्थापन खाता | ६२८०७१।९ |
| ५ | विभाज्य कोष खाता | ३३९११२१। |
| ६ | अन्य कोष खाता | २०५३५४१।४ |
| | जम्मा रू | ६४१५०४८८।०२ |

यस वर्ष मौज्दात रू ११६८६९६६३।०१ देखाएता पनि मिति २०८०।४।१४ मा रू ४३८५४५०४।०० संघ तथा प्रदेशको संचित कोषमा फिर्ता भएकोले पालिकाको वास्तविक मौज्दात रू ७३०१५१५९।०१ मात्र देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४.७ **बित्तिय विवरण यथार्थ नदेखिएको :-** म.ले.प.फा.नं. २७५ मा समावेश हुने खर्चको विवरण अनुसार म.ले.प.फा.नं. २७५ को वित्तिय प्रतिवेदन र म.ले.प.फा.नं. २७२ को प्राप्ति र भूक्तानी हिसाव यथार्थ हुनु पर्दछ । म.ले.प.फा.नं. २७५ मा भएको खर्चको विवरण म.ले.प.फा.नं. २७५को वित्तय प्रतिवेदन र म.ले.प.फा.नं. २७२ को प्राप्ति र भुक्तानीका निम्न खर्च शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

| खर्च शिर्षक | म.ले.प.फा.नं.२७२ र २७५ | म.ले.प.फा.नं. २७५ मा श्रोत गत भएको | फरक |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २१११११ पारीश्रमिक कर्मचारी | २०५६५३९२७ | १९३९२६७०७ | ११७२७२२० |
| ३११५१ सडक तथा पूल निर्माण | ८९६९०८८० | ७०६६००२० | १९०३०८६० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ४११७२६४० | ३६४७२६४० | ४७००००० |

जसले गर्दा म.ले.प.फा.नं. २७२ मा देखिने मौज्दात रकम पनि फरक पर्ने हुँदा सम्वन्धित निकायले पेश गरेको विवरण यथार्थ देखिएन ।साथै संचित कोषको बैंक नगदी किताव, श्रोत समावेश भएको आर्थिक विवरण (म.ले.प.फा.नं. २१४) र खर्च शिर्षक अनुसार गोश्वारा भौचर (म.ले.प.फा.नं. २०३) परीक्षण गर्दा म.ले.प.फा.नं. २७५ र म.ले.प.फा.नं. २७२ सँग मेल नखादा प्राप्ति/भूक्तानी र मौज्दात रकम यथार्थत हो भन्ने आधारमा स्पष्ट हुन सकिएन।यसबाट पालिकाको समग्र आम्दानी र खर्चमा समेत यकिन हुने आधार देखिएन ।

सैद्धान्तिक बेरुजु

४.८ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| सि.नं. | खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. | कैफियत | फरक बैक घटी/बढी |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय तह सञ्चित कोष खाता | २०३४६७३ | ६०३४६७३ | ४०००००० | बैकबाट टान्सफर नभएकोले । | बढी |
| २ | चालु खर्च खाता | ४४७६९००९।१२ | ३३६१८३७९।१२ | १११५०६३० | सि.नं. १ र ३ को जम्मा नभएको साथै रु १७,७००.०० को चेक नसाटीएकोले । | घटी |
| ३ | पुंजीगत खर्च खाता | ११२२५२२२।५० | १८३९५२२२।५० | ७१७०००० | चालुमा जम्मा हुनुपर्ने निकासा | बढी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | पुजिगतमा खातामा जम्मा भएकोले । | |
| ४ | विविध कोष खाता | ५६९९०२।४९ | ५६९९०२।४९ | ० | | |
| ५ | प्रकोष व्यवस्थापन कोष खाता | ६२८०७१।९० | ६२८०७१।९० | ० | | |
| ६ | स्थानीय विभाज्य कोष | ० | ० | ० | | |
| ७ | कर्मचारी कल्याण कोष खाता | ० | ० | ० | | |
| ८ | धरौटी | ११०२९५५३ | ११०२९५५३ | ० | | |
| ९ | ग१.१, आन्तरिक राजस्व खाता | ० | ९३३५३९ | ९३३५३९ | आम्दानी बाधन बाकी रहेको । | बढी |
| १० | ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ४०३५३९ | ४०३५३९ | स्रेस्तामा आम्दानी बाधन नमिलेकोले ।आन्तरिक आय | बढी |
| ११ | आन्तरिक अनुदान खाता | ० | १९०४२४८ | १९०४२४८ | गतको अ.ल्या नभएको । | बढी |
| १२ | बैङ्क | | १९३७० | १९३७० | केही चेक नसाटीएको । | बढी |
| | जम्मा | ७०२५६४३२।०१ | ७३५१७१२८।०१ | ३२६०६९६ | | बढी |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**५ बजेट पेश, पारित र अख्तियारी :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुख श्री रामेश्वर सिंखडालेले मिति २०७९।०३।१० मा रू ५९ करोड ८७ लाख ३२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३। २८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **सःशर्त अनुदान :-**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५च.नं. १०६४ मिति २०७५।३।३ को सःशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीयतहमा हस्तान्तरण भएको र सःशर्त अनुदानको रकम आषाढ मसान्त सम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था भएको छ।यस पालिकालाई संघीय सरकारबाट रू २४ करोड ६६ लाख ६३ हजार र प्रदेश सरकारबाट रू ६ करोड ३३ लाख ९२ हजार गरी जम्मा रू ३१ करोड ०० लाख ५५ हजार प्राप्त भएकोमा संघीय सरकारको रू २२ करोड ६० लाख ८१ हजार खर्च भई बाँकी रू २ करोड ०५ लाख ८३ हजार र प्रदेश सरकारको रू ४ करोड ०५ लाख ६८ हजार खर्च भई बाँकी रू २ करोड २८ लाख २४ हजार बाकी रहेकोमा मिति २०८०/०४/१४ गते मा संचित कोषमा फिर्ता भएको छ ।

सैद्धान्तिक बेरुजु

७ **खर्च बिश्लेषण :-**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू १११४७९३३।०० र राजस्व बाँडफाँड रू ८५००६८३८।४ र अनुदानबाट रू ४५०२९२०१५।०० समेत रू ५४६४४६७८६।४ आम्दानी भएकोमा चालु तर्फ रू २९९४१२२७९।०० र पूँजिगत तर्फ रू १८५२३६३०७।०० र वित्तीय ब्यबस्था तर्फ रू १८०४७७२८।२३ समेत रू ५०२६९६३१४।२३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू ८८६७१३४।० खर्च भएको छ जुन आन्तरिक आयको ७९.५४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.१० प्रतिशत चालु र ३३.९० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालन मा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ८ आन्तरिक नियन्त्रण प्रणाली :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छनः

- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्य कालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिम मध्य कालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- पालिकाले उद्देश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।
- कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

- ठेक्काहरूको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। साथै ठेक्का फाइल समेत अद्यावधिक देखिएन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७४) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

- संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

- वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन ।

- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।

- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

- मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ९ वार्षिक खरिद योजना/गुरुयोजना :-

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत

वार्षिक रू १८५२३६३०७।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**१० कानून र सञ्चालन स्थिति :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालन को लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ४३ कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ७७ वटा कानूनहरू निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**११ न्यायिक समिति :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको २ गरी कुल ८ विवाद दर्ता भएकोमा १ वटा मात्र फस्यौंट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**१२ बजेट तथा कार्यक्रम तर्जुमा :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच

परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १३ बजेट सीमा निर्धारण समिति :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १४ लक्ष्य प्रगति :-

पालिकाले यसवर्ष १९४ र क्रमागत ३ गरी जम्मा १९७ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये यस वर्ष को ६ वटा र ३ वटा क्रमागत गरी जम्मा ९ योजना ठेक्काद्वारा र बाँकी यस वर्षको १८८ र क्रमागत शुन्य गरी जम्मा १८८ योजना उपभोक्ता समिति मार्फत योजना संचालन भएको देखिन्छ। पालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान आर्थिक वर्ष भित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन। अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १५ चौमासिक पूँजीगत खर्च :-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | १८५२३६३०७ | २७०४५८५ | ४१३३८४७५ | १४११९३२४७ | १४११९३२४७ |
| प्रतिशत | ३३.९ | १.४६ | २२.३२ | ७६.२२ | ७६.२२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू १८५२३६३०७ निकासा भएकोमा प्रथम चौमासिकमा रू. २७०४५८५( १.४६ प्रतिशत), दोस्रो चौमासिकमा रू. ४१३३८४७५ (२२.३२ प्रतिशत) र तेस्रो चौमासिकमा रू १४११९३२४७ (७६.२२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू १४११९३२४७ (७६.२२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **योजना प्राथमिकीकरण :-**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १४७ वडाको लागि वडागत र पालिकास्तरका कुल ५० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५० | १७ | २१ | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वडास्तरीय | १४७ | ० | ३० | ११७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **आवधिक योजना :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४३०००००० | २८१५३०७३ | ६५.४७ |
| २ | पूर्वाधार विकास | १७३५८२३० | १२७६९४०० | ७३.५६ |
| ३ | सामाजिक विकास | २५९७०१००० | २३९१९१९६५ | ९२.१ |
| ४ | सुशासन विकास | ३८००००० | ११८२१०० | ३१.११ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९५४४८९८६ | ७००५७१५३ | ७३.४ |
| | जम्मा | ५९८७३२२४६ | ४८४६४८५८६ | ८०.९४ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ७३.५६ प्रतिशत र सुशासन विकासमा सबै भन्दा घटीमा ३१.११ प्रतिशत रहेको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**१८ सेवा प्रवाह :-**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । सेवा प्रवाह लाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन पालिकाले पर्याप्त ध्यान दिनुपर्दछ । पालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ ।

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफरिस | ११२३ |
| २ | घरबाटो सिफारिस | १५५ |
| ३ | नाता प्रमाणित | ९४८ |
| ४ | जन्म दर्ता | ११५७ |
| ५ | मृत्यु दर्ता | ४६८ |
| ६ | अन्य सिफारिस | ५६८१ |

| सैद्धान्तिक बेरुजु |
|---|

**१९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १२९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टि कोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ८८ पदहरू रिक्त रहेका छन् भने १०५ जना करार, ४ ज्यालादारी र कार्यक्रम तर्फ ११ जना कार्यरत देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन , सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**२० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **कर्मचारी व्यवस्था :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरूमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रू ३६८४८८१२ भुक्तानी गरेको पाइयो ।

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| बिभिन्न पदमा करार | १०५ | ३६८४८८१२ |

सैद्धान्तिक बेरुजु

२२ **आयोगको परामर्श :-**

प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले कुनै पनि विषयमा आयोगको परामर्श लिएको देखिएन ।

सैद्धान्तिक बेरुजु

२३ **आर्थिक सहायता :-**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरूलाई रू ११३५१०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू १११४७९३३ को १०.१८ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **म्याद ननाघेको पेश्की :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष गंगा जमुना पर्यटन क्षेत्र पूर्वाधार विकास वडा नं ५ साझेदारी मा कविन्द्र ज्वालामूखी पचली भैरव जे भि लाई रु. ५००००००।०० तथा गाउँपालिकाको प्रशासकिय भवन नया निर्माण कार्यकालागि कविन्द्र ज्वालामूखी भेनस जे भि लाई रु ५००००००।०० पेश्की दिएको छ। पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ

| पेश्की लिएको मिति | गो भौ नं | पेश्की लिनेको नाम | म्याद ननाघेको रु. | म्याद नाघेको रु. | जम्मा |
|---|---|---|---|---|---|
| २०७९।४।१ | ६१ | कविन्द्र ज्वालामूखी पचली भैरव जे भि | ५००००००।०० | | ५००००००।०० |
| २०७९।४।१ | ६१ | कविन्द्र ज्वालामूखी भेनस जे भि | ५००००००।०० | | ५००००००।०० |
| | | जम्मा | १०००००००।०० | | १०००००००।०० |

पेश्की

२५ **सहकारी नियमन :-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १९ वटा सहकारी संस्था रहेका छन् ।

पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **शिर्षकगत अभिलेख :-**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा बाँकी रहेको लगायतका कुरा विचार गरी निकाशा दिनुपर्ने र सो अनुसार स्रेस्ता राख्न पर्ने ब्यवस्था छ । कार्यालयले यो वर्ष संघिय सशर्त अनुदान शिर्षकमा कुल विनियोजित रकमको शिर्षकगत अभिलेख नराखी, स्वास्थ्या, शिक्षा, महिला, कृषि, पशु र वन तथा वातावरणको एकमुष्ठ अभिलेख राख्नाले विनियोजन अनुसार निकाशा भयो कि भएन भनि एकिन गर्ने आधार छैन । वर्षान्तमा संघिय सशर्त तर्फ निकासा भएको मध्ये कुन शिर्षकको के कति रकम फिर्ता भयो एकिन गर्न सकिएन । शिर्षकगत अभिलेख राखी स्रेस्ता ब्यवस्थित गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **नपाउने भत्ता भुक्तानी :-**

जिल्ला समन्वय समितिको कार्यालयबाट रमना लिई आउनु भएका सहायक पाँचौ कर्मचारी श्री युवराज थपलियाले स्थायी कर्मचारीले मात्र पाउने ग्रेड, स्थानिय भत्ता र महंगी भत्ता समेत बुझिलीएको पाइयो । करार कर्मचारीहरूले भत्ता तथा ग्रेड पाउनु पर्ने आधार र प्रमाण पेश भएन । निजले कुन कानूनी व्यवस्थाको आधारमा ग्रेड, स्थानिय भत्ता र महंगी भत्ता पाएको हो खुलाउनु पर्ने सो आधार नखुलेमा अन्य करार कर्मचारीहरूले पाए सरहको सेवा सुविधा मात्र भुक्तानी गर्नु पर्दछ । साथै निजको करार सम्झौता समेत भएको पाईएन । हाल स्थानिय तहमा करार र स्थायी गरी २ प्रकारका मात्र कर्मचारी रहने भएकोले कहाँबाट कसरी करार सम्झौता हुने हो सो वारेमा प्रष्ट गरि करार सम्झौता हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **कर तथा शुल्क असुली :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३००००० | ०० | ०० |
| घरजग्गा वहाल कर | ०० | ०० | ०० |
| व्यवसाय कर | ३५०००० | ४४७०५० | १२७.७३ |
| वहाल विरौटी शुल्क | ५००० | ० | ०० |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२९ **राजश्व बाँडफाँड :-**

प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जनकर लागयतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चितकोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ।यस पालिकाले स्थानीय ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रू.

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाउनु पर्ने रकम | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ४१५११२१ | ४० | १६६०४४८ | १६२५४७५ | ३४९७३ |

| प्रमाण पेश नगरेको | ३४,९७३ |
|---|---|

३० **फोहरमैला व्यवस्थापन :-**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट

लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **आन्तरिक आय :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४८४७००००० | ८९६२८९७१ | १८.४९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १८.४९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३२ **राजस्व असुली :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ७ वडाहरूको राजस्व असुली परीक्षण गर्दा रू २९,०८,२३७।०० असुली भई दाखिला भएको छ ।

| **क सं** | **वडा नं** | **आय शिर्षक** | **अशुली रु.** | **दाखिला रु.** | **दाखिला गर्न बाँकी** |
|---|---|---|---|---|---|
| १ | १ | आन्तरिक आय | २,८५,२०८.०० | २,८५,२०८.०० | दाखिला गर्न बाँकी नदेखिएको |
| २ | २ | आन्तरिक आय | २,५०,७६०.०० | २,५०,७६०.०० | दाखिला गर्न बाँकी नदेखिएको |
| ३ | ३ | आन्तरिक आय | २,६५,२०५.०० | २,६५,२०५.०० | दाखिला गर्न बाँकी नदेखिएको |
| ४ | ४ | आन्तरिक आय | २,५८,४४५.०० | २,५८,४४५.०० | दाखिला गर्न बाँकी नदेखिएको |
| ५ | ५ | आन्तरिक आय | ६,७८,६५२.०० | ६,७८,६५२.०० | दाखिला गर्न बाँकी नदेखिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | ६ | आन्तरिक आय | ५,७६,६०१.०० | ५,७६,६०१.०० | दाखिला गर्न बाँकी नदेखिएको |
| ७ | ७ | आन्तरिक आय | ५,०३,३७७.०० | ५,०३,३७७.०० | दाखिला गर्न बाँकी नदेखिएको |
| | | जम्मा रू | २९,०८,२३७.०० | २९,०८,२३७.०० | दाखिला गर्न बाँकी नदेखिएको |

सैद्धान्तिक बेरुजु

३३ **राजश्व अभिलेख :-**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरूमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

३४ **राजस्व नियन्त्रण :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय, मनोरन्जन, घर जग्गा वहाल र विज्ञापनको दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर सङ्कलन गरेको छैन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसाय, मनोरन्जन, घर जग्गा वहाल र विज्ञापनको अभिलेख अध्यावधिक गरेको छैन ।

**व्यवसाय कर :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू ४४७०५०।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका सबै व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**मनोरन्जन कर :-** स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ ।

पालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन । पालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका मनोरन्जन स्थलको अभिलेख राख्ने गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण मनोरन्जन स्थलको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

**घर जग्गा बहाल कर :-** पालिकाले जारी गरेको आर्थिक ऐन २०७५ को दफा ४ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले घर जग्गा वहाल कर शुल्क वापत कुनै कर संकलन गरेको छैन। पालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

**विज्ञापनकर :-** बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । पालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन। जसबाट पालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन। तसर्थः पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

३५ **आय अनुमान :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू १०४८५६०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू ८५००६८३८।४ अर्थात अनुमान भन्दा १८.९३ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३६ **दहत्तर वहत्तर तर्फ :-**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया तथा कागजात पेश भएको आधारमा मिति २०८०।०९।१९ को निर्णयबाट रु ४,०३,५३९।०० सम्परीक्षण गरिएको ।)***

| प्रमाण पेश नगरेको | ० |
|---|---|

### ३७ तलबी प्रतिवेदन :-

निजामती सेवा ऐन २०४९, को दफा ७(ख) २ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत र पालिकाका समेत गरि रु. ६,५१,९९,३८३।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

### ३८ जिन्सी व्यवस्थापन :-

जिन्सी सामाग्रीको प्रयोग व्यवस्थित वनाउन म. ले. प. फारम नं. ४१२ मा जिन्सी सहायक खाता को व्यवस्था छ। यस कार्यलयमा जिन्सी मालसामानको लेखापरीक्षण गर्ने क्रमम जिन्सी सहायक खाता तयार भएको देखिएन। जिन्सी मालसामान प्रयोगको यथार्थ अवस्था एकिन हुन सकेन। यस सम्बन्धमा कार्यालयले PAMS मा जिन्सी सहायक खाता तयार गरि यथार्थ अवस्था र प्रयोग तथा सुरक्षा र भण्डारणको व्यवस्था गर्नु पर्दछ। यस गाउँपालिका अन्तर्गतका वडा कार्यालय भवनहरुको जग्गा तथा भवनको अभिलेख राखेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

### ३९ दरबन्दी अनुसारको पदपुर्ति :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४४ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत (छैटौं/सातौं), कृषि अधिकृत, भेटनरी अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४० **मर्मत खर्च :-**

यस पालिकामा जिन्सी मौज्दात मा एक थान जिप र १७ थान मोटरसाईकल रहेको देखिन्छ। PAMS को जिन्सी मर्मत अभिलेखमा पालिकाको नाममा दर्ता रहेको बा २ झ ४०८२ नं जिपको मर्मत खर्च रु १४२३०१६।५१ खर्च भएको देखिन्छ। मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च र सवारी साधन मर्मत खर्च मा रु १७९८१४८।०० खर्च भएको देखिन्छ भने ईन्धनमा रु १७,३०,८४०।०० खर्च लेखेको देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

४१ **रितपूर्बकको कर बिजक :-**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायका व्यसायीबाट मु.अ.कर रु.१५,६६४।०० समेत रु.१६३१५०। सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|
| १५० मिति २०७९।१२।०३ | हिमालय एडभरटाईजिङ प्रा ली | सक्कल विल पेश नगरेको | १६३१५० | १५६६४ |

| प्रमाण पेश नगरेको | १,६३,१५० |
|---|---|

४२ **गत आर्थिक वर्षको भुक्तानी :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। चालु वजेट उपशिर्षक अन्तर्गत नमुना छनौट गरि हेर्दा पालिकाले चालु तर्फको गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु. १८,६६,८८३।०० भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गो भौ नं | मिति | खर्च लेखिएको विवरण | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २६ | २०७९।७।१ | सुचना प्रकाशन वापत | २००००० |
| २३ | २०७९।७।१ | सवारी साधन मर्मत | १४२८९३ |
| १० | २०७९।६।९ | सवारी साधन मर्मत तथा ईन्धन | २३०८४० |
| ५१ | २०७९।८।१९ | कम्प्यूटर प्रशिक्षण | ४९७२०० |
| ८१ | २०७९।९।१९ | वृत्त चित्र निर्माण | ३००००० |
| १०७ | २०७९।१०।१० | डि पि आर तयार बापत | ४९५९५० |
| | | जम्मा | १८६६८८३ |

| | |
|---|---|
| अनियमित भएको | १८,६६,८८३ |

४३ **कार्यविधि विना खर्च :-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले चालु खर्च अन्तर्गत नमुना छनौट गरि परीक्षण गर्दा निम्न खर्च शिर्षकमा खर्च लेखेको देखिन्छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ।

| गो भौ नं | मिति | खर्च लेखिएको विवरण | रकम |
|---|---|---|---|
| २४ | २०७९।७।१ | तिज कार्यक्रम | ११२३७० |
| ३१ | २०७९।७।३ | गंगा जमुना मेला महोत्सव आयोजना | १०००००० |
| १४९ | २०७९।१२।२ | ल्होसार कार्यक्रम | ५०००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **स्थानिय तथा समानिकरणबाट शिक्षकको तलब :-**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार संघिय शसर्त चालु अन्तर्गत तलव तथा अन्य खर्चको व्यवस्था गरेको छ। तर यस गाउँपालिकाले पालिका चालु खर्चबाट यस आर्थिक वर्षमा रु. १,२७,८६,७४०।रकम शिक्षकको तलब भत्तामा खर्च लेखेको छ। पालिकाले यस सम्बन्धमा दरबन्दी अनुसार शिक्षकको तलब भत्ताको व्यवस्था गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

**४५ फिल्ड भत्ता :-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। यस गाउँपालिकाले कानुन तथा कार्यविधि नबनाई प्राविधिक कर्मचारीलाई प्रति महिना तलबमा ४० प्रतिशत थप रु.१५,७३,३६२।०० फिल्ड भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**४६ शिक्षक दरबन्दी र पदपूर्ति :-**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

| विद्यालय संङ्या | स्वीकृत दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | रिक्त | विद्यार्थी संङ्या |
|---|---|---|---|---|---|
| ४९ | २०८ | २०८ | ५८ | ० | ४५५१ |

सैद्धान्तिक बेरुजु

**४७ स्यानिटरी प्याड :-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११४१ जना रहेका छन। पालिकाले स्यानिटरी प्याड रु १०४१८८० मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा ५०५० राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**४८ निशुल्क पाठ्यपुस्तक अनुदान :-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागी निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रममा स्थानीय तह अन्तरगत सञ्चालित विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थिहरुलाई IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा २५% दिने व्यवस्था छ जसअनुसार यस आर्थिक वर्षमा रु २३५५५४१ खर्च भुक्तानी देखिन्छ ।तर पालिकाले शैक्षिक सत्रको सुरुवातमै विद्यार्थीले पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गरेको पाइएन यस कुरालाई पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

**४९ तलबी प्रतिवेदन :-**

निजामती सेवा ऐन २०४९, तथा स्वास्थ्य सेवा ऐन, २०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ |पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीको रु १९२००००० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

**५० औषधि खरिद :-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । पालिकाले ठेक्का प्रक्रिया मार्फत यस आर्थिक वर्षमा रु २१४१४५५ बराबरको औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ती हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

- भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

- आपूर्ती भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**५१ प्रधानमन्त्री रोजगार कार्यक्रम :-**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन मा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा २३योजना सञ्चालन गरी यस वर्ष १०८ जनालाई औसत ४२.५ दिनले १०० दिन रोजगारी उपलव्ध गराई रू ५२५६०००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

**५२ राजिनामा पछि तलब निकासा :-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० अनुसार स्थानीय तहले विद्यालयको चौमासिक वा त्रैमासिक रुपमा तलब निकासा गर्दा विद्यालयले पठाउने माग फारामअनुसार हाजिरि प्रमाणित राखि तलब निकासा दिनुपर्ने व्यवस्था छ । तर पालिकाले रि. गाउ मा.वि. मा कार्यरत नि.मा.शि राहत शिक्षक श्री इन्द्र ब. तामाङ को २०७९।०५।१७ मा राजिनामा स्विकृत गरेको अवस्थामा प्रथम त्रैमासिक किस्ता र चाडपर्व खर्च रु

१५६८३९ भुक्तानी दिएको देखियो ।उक्त शिक्षकले साउन महिनाको र भदौ १७ दिनको तलब भुक्तानी गर्दा रु ५८३२७ हुनुपर्नेमा रु १५६८३९ भुक्तानी भएकोमा १ % सा.सु कर घटाई रु ९७५२७ बढि भुक्तानी देखिएकोमा बढि भुक्तानी असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७,५२७ |

**५३ लागत सहभागिता :-**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**५४ प्राविधिक बिल र कार्य सम्पन्न :-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**५५ उपभोक्ता समिति :-**

पालिकाले उपभोक्ता समितिबाट गराएका १९७ योजना मध्ये ५०. योजनाको लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रूपमा

नभरीएको, सहि छाप नभएको अवस्था देखिएको छ । त्यस्तै नियम ११५.१ अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा उपभोक्ता समिति गठन परिचालन र संचालन कार्यविधि २०७५ अनुसार थप सुधार गर्नुपर्ने देखिएको छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ५६ सार्वजनिक परीक्षण :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ५७ कन्टिन्जेन्सी खर्च :-

यस पालिकाले हरेक योजनामा ४ प्रतिशतका दरले कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेको देखियो । योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति काटीयो भन्ने यकिन हुन सकेन । कन्टेन्जेन्सीको समेत खाता नराखेको कारण कति काटियो र कति खर्च गरीयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन । आयोजनागत खर्च स्पष्ट हुने गरी अभिलेख खाता राख्नु पर्नेमा एकमुष्ट रुपमा खर्च गरेको पाइयो । कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्न निर्देशिका तयार गरी लागू गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ५८ निर्माण कार्यमा ढिलाई :-

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ बमोजिम सार्वजनिक खरिद सम्झौतामा उल्लेखित अवधि भित्र कार्य सम्पन्न गर्नु पर्दछ । पालिकाद्वारा सञ्चालित योजनाहरुको शुरु सम्झौता अवधि व्यतित हुन २ महिना मात्र बाँकी रहँदा तथा २ वर्ष व्यतित हुँदा देहाय अनुसार न्यून प्रगति देखिएको छ । ती योजनाहरु सम्पन्न गर्न लाग्ने बजेटको प्रयाप्त व्यवस्था गरी थपिएको समयाबधी भित्र काम सम्पन्न गर्न पहल गर्नु पर्ने देखिन्छ ।

| सि नं | विवरण | ठेक्का रकम | समपन्न गर्नु पर्ने अवधि | हाल सम्मको सम्पादित रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका प्रशासकिय भवन | ३९१६२७६६.५४५ | २०८०।५२७ | २३२०१८३०.० | ६० |
| २ | गंगा जमुना पर्यटकीय पूर्वाधार विकास कार्यक्रम | ४७५०१३९३.८ | २०८०।५२७ | १५३४३५८३.७८ | ३३ |
| ३ | पाँच शैयाको अस्पताल भवन निर्माण | ४६२३१६८८.५१ | २०८१।२।१६(एक वर्ष म्याद थप समेत) | १४९५६९९८.३३ | ३२ |

सैद्धान्तिक बेरुजु

## ५९ भेरियसन :-

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा उपनियम २(ख) बमोजिम भेरिएशन परिमाणको प्राविधि पुष्टयाई र कारण खुलाई गर्न सक्ने व्यवस्था छ। पालिकाले वडा नं ३ मा स्वास्थ्य चौकी भवन निर्माण गर्न निर्माण व्यवसायी तृष्णा कन्सट्रक्सनसंग मिति २०७९।७।२८ मा रु ८७९२६१३.३० को सम्झौता गरेकोमा रु ६६८१३२१.४७ को प्रथम तथा अन्तिम विल रु ६६८१३२१.४७ मिति २०७९। १०।११ मा भुक्तानी भएको छ । सम्झौता रकम भन्दा २४ प्रतिशत घटीको कार्य भएकोमा कार्यालयले प्राविधक पुष्टयाई सहित भेरियसन आदेश जारी गरेको देखिएन । वि.ओ.क्यु परिमाण भन्दा २५देखि ४० प्रतिशत घटी कार्य सम्पादन भएको देहाय अनुसारका आईटममा देखिएको हुँदा ती कार्यको गुणस्तर र पूर्णतामा आश्वस्त हुन सकिएन ।यसतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| आइटम नं | काम | वि ओ क्यू परिमाण (घ.मि) | सम्पादित कार्य परिमाण | दर | सम्पादननभएको रिमाण (घ.मि) | फरक प्रतिशत | रकम |
|---|---|---|---|---|---|---|---|
| ८ | विम, स्ल्याब र लिन्टल व्याण्ड १:१:३:५ | २१४.५६ | १२९.२५ | १४००० | ८६ | ४०.०८ | १८०९५०० |
| ९ | राफ्टफाउन्डेसनको लागि रेनफोर्समेन्ट वारको कार्य | २१.२६ | १५.९९ | ११००० | १२.४२ | २५ | २७५००० |

सैद्धान्तिक बेरुजु

### ६० नमुना विद्यालय भौतिक निर्माण अनुदान :-

शिक्षा तथा मानव विकास श्रोत केन्द्रले जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा केन्द्रबाट छनौट भएका नमुना विद्यालय र राष्टपति शैक्षिक कार्यक्रमको रकम ती विद्यालयलयको स्वीकृत गुरुयोजनाको वार्षिक कार्यान्वयन योजना र निर्माण गर्ने कार्यको लागत अनुमान लगायतका कागजातको आधारमा विद्यालयसंग सम्झौता गरी शुरुमा कूल अनुदान रकमको ५० प्रतिशत, स्टक्चरल पार्टको कार्य सम्पन्न भए पश्चात दोस्रो किस्तामा ३० प्रतिशत र कार्य सम्पन्न भए पश्चात नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन पेश भएपछि बाकी २० प्रतिशत अनुदान तेस्रो किस्ताको रुपमा उपलब्ध गराउने उल्लेख छ । पालिकाले छनौट भएका देहायका विद्यालयहरुलाई अनुदान रकम उपलब्ध गराउँदा उपरोक्तमा उल्लेख भए अनुसार किस्ताबन्दीमा नभै एकै पटक एकमुष्ट हस्तान्तरित अनुदान उपलब्ध गराएको छ । निर्माण कार्यको नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रू

| सिनं | विवरण | अनुदानरकम |
|---|---|---|
| १ | श्रीमण्डली मा वि प्राविधिक शिक्षालय (१२ कोठे भवन) | १००००००.०० |
| २ | तामाखर्कमा वि (२ कोठे भवन) | २७५००००.०० |
| | जम्मा रू | १२७५००००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२७,५०,००० |

### ६१ ठेक्का अभिलेख :-

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको कार्य स्वीकार गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने तथा नियम १२५ बमोजिम कार्य सम्पन्न भएको ३० दिन भित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिम (एज विल्ट ) नक्सा कार्यालयमा पेश गर्नु पर्ने उल्लेख छ । कार्यालयले सम्पन्न कामको अन्तिम विल भुक्तानी गर्दा कार्य स्वीकार प्रतिवेदन बनाउने गरेको छैन भने निर्माण व्यवसायीले सम्पन्न निर्माण कार्यको एजविल्ट नक्सा पेश गरेको देखिएन । नियममा भएको व्यवस्था पालना हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

### ६२ कार्य स्वीकार प्रतिवेदन र एज विल्ट नक्सा पेश नगरेको :-

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**६३ दोस्रो घटी वालासँग सम्झौता :-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ मा सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिका लागि छनौट गर्नु पर्ने र उक्त बोलपत्र स्वीकृत गर्ने आशयको पत्र सात दिन भित्र संवन्धित वोलपत्रदातालाई दिनु पर्ने उल्लेख छ । पालिकाले लागत अनुमान ७५०००००।० भएको ठेक्का नं १५।२०७९।८० वृहत वुढाथुम खानेपानी योजनाको सम्झौता २१.२७ प्रतिशत घटि रु ५९०५११५।० कवोल गर्ने पलिस कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग नगरी दोस्रो १७.८८ प्रतिशत न्यूनतम कवोल गर्ने पुष्प निर्माण सेवासँग रु ६१५८६१०.१९ मा सम्झौता गरी कार्यदिश दिएको छ । दोस्रो न्यूनतम वोलपत्र स्वीकृत गर्दा रु २५३४९६.१९ बढी व्ययभार पर्न गएको छ ।बढी व्ययभार पर्ने गरी दोस्रो न्यूनतम मुल्यांकित बोलपत्र स्वीकृत गर्नुको उचित आधार र प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५३,४९६.१९ |

**६४ विमा :-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले रु बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा पलाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च विमा गराउनु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले २० लाख माथी ठेक्काको विमा गरेको भएपनि ठेक्का म्याद थप पश्चात मर्मत अवधि कभर गर्ने गरी विमा अवधि थप गर्ने गरेको देखिएन । सम्भावित जोखिम बहन गर्न ठेक्काको मर्मत अवधी कभर गर्नेगरी विमाको पनि म्याद गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**६५ सामाजिक सुरक्षा भत्ता :-**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले निम्नानुसार २ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।

| बैंकको नाम | वडा | वितरण रकम | फिर्ता रकम |
|---|---|---|---|
| प्रभु वैंक, आरुघाट शाखा | ६ र ७ | ४९७००७६१।०० | १४२९८५।०० |
| एस वि आई वैंक, फूलखर्क शाखा | १, २, ३, ४ र ५ | ९३८२३६७७।०० | १०५४२४।०० |

| | | | |
|---|---|---|---|
| | जम्मा रकम | १४,३१,२५,५३०। | २४८४०९।०० |

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् :-

सामाजिक सुरक्षा भत्ता आर्थिक वर्ष भित्र विभिन्न कारणले लगत कट्टा गरि सम्बन्धित लाभग्राहिको खातामा भएको रकम सम्बन्धितलाई वा मृत्यु भएर लागत कट्टा भएमा लाभग्राहि वा हकवाला मार्फत पाउने रकम भुक्तानि गरि बाकि रकम फिर्ता गर्नु पर्ने कार्यविधिमा व्यवस्था छ। यस बर्षमा यस गाउँपालिकाले यस सम्बन्धी यस आर्थिक बर्षमा वैंकबाट फिर्ता गरेको विवरणमा लागत कट्टाबाट भएको विवरण राखेको देखिएन। सो विवरण तयार गरि रकम के कति फिर्ता भयो र बाकि के कति छ भन्ने सम्बन्धमा यकिन गरि फिर्ता गर्न बाकि भए यथासिघ्र दाखिला गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: गङ्गाजमुना गाउँपालिका, धादिङ , गंगाजमुना गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामचन्द्र इटनी | २०७८-१०-२५ | २०७९-४-८ |
| कार्यालय प्रमुख | अनिल श्रेष्ठ | २०७९-४-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Arjun Prasad Sapkota | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रविन पोखरेल | २०७८-९-१८ | २०७९-५-३१ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९७,५२७ | १,८६६,८८३ | १३,६०५,१५८.१९ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १५,५६९,५६८.१९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४०३,५३९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १५,१६६,०२९.१९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७०२८२३९१.९४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७३६६५०१५ | **चालु खर्च** | २९९४१२२७९ |
| **प्रदेश सरकारबाट अनुदान** | ७६६२७००० | **पूँजीगत खर्च** | १८५२३६३०७ |
| **राजश्व बाँडफाँट** | ८५००६८३८.४ | **वित्तीय/अन्य व्यवस्था** | १८०४७७२८.२३ |
| **आन्तरिक आय** | ४६२२१३३.० | | |
| **अन्य आय** | ६५२५८००.० | | |
| **कुल आय** | ५४६४४६७८६.४ | **कुल खर्च** | ५०२६९६३१४.२३ |
| **बाँकी मौज्दात** | | ११४०३२८६४.११ | |